आज मिति २०७८।०१।१७ गतेका दिन नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री जीवन प्रसाद दुलालज्यूको अध्यक्षतामा COVID-19 रोकथाम तथा नियन्त्रण सम्बन्धी District Covid-19 Crisis Management Centre (DCCMC) को बैठक तपशिलको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो:

**सल्लाहकार समूहः**

१. माननीय प्रतिनिधिसभा सदस्य श्री हित बहादुर तामाङ
२. माननीय प्रतिनिधिसभा सदस्य श्री नारायण प्रसाद खतिवडा
३. माननीय प्रतिनिधिसभा सदस्य श्री बहादुर सिंह लामा
४. श्री सन्तमान तामाङ ,प्रमुख,जिल्ला समन्वय समिति नुवाकोट
५. श्री सञ्जु पण्डित,प्रमुख,विदुर नगरपालिका
६. श्री राजेन्द्ररमण खनाल,प्रमुख,वेलकोटगढी नगरपालिका
७. श्री मान बहादुर लामा तामाङ,अध्यक्ष,ककनी गाउँपालिका
८. श्री छत्र बहादुर लामा,अध्यक्ष,किस्पाङ गाउँपालिका
९. श्री नारायण प्रसाद पाण्डे,अध्यक्ष,तादी गाउँपालिका
१०.श्री रमेश वस्ती,अध्यक्ष,तारकेश्वर गाउँपालिका
११.श्री योविन्द्रसिंह तामाङ,अध्यक्ष,दुप्चेश्वर गाउँपालिका
१२.श्री तेज बहादुर लामा,अध्यक्ष,पन्चकन्या गाउँपालिका
१३.श्री आशा तामाङ,अध्यक्ष,म्यागङ गाउँपालिका
१४.श्री ध्रुव कुमार श्रेष्ठ,अध्यक्ष,लिखु गाउँपालिका
१५.श्री रामकृष्ण थापा,अध्यक्ष,शिवपुरी गाउँपालिका
१६.श्री सन्तबहादुर घले,अध्यक्ष,सूर्यगढी गाउँपालिका

**उपस्थितिः**

| | | |
|---|---|---|
| १. श्री जीवन प्रसाद दुलाल, | प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| २. श्री मोहन प्रसाद मरासिनी, | जिल्ला समन्वय अधिकारी | सदस्य |
| ३. प्र.से.श्री उदय बहादुर लामिछाने , | श्री जवरजंग गण | सदस्य |
| ४. प्र.उ.श्री तुल बहादुर कार्की, | जिल्ला प्रहरी कार्यालय | सदस्य |
| ५. स.प्र.ना.उ. श्री मदन ढुंगाना, | स.प्र.बल नेपाल १९ नं गुल्म | सदस्य |
| ६. प्र.अ.अ. श्री हेमन्त चौधरी, | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | सदस्य |
| ७. श्री सागर प्रसाद घिमिरे, | व.जनस्वास्थ्य प्रशासक,स्वास्थ्य कार्यालय | सदस्य |
| ८. डा. दिपेन्द्र पाण्डे, | मे.सु. त्रिशूली अस्पताल | सदस्य |
| ९. श्री बेद प्रसाद अर्याल, | स. प्रमुख जिल्ला अधिकारी, | सदस्य |

**आमन्त्रितः**

| | |
|---|---|
| १. प्रमुख सेनानी श्री बाल मुकुन्द विष्ट तालिम गण १नं ,त्रिशूली | .सदस्य |
| २. श्री नारायणदत्त भण्डारीगल्छी त्रिशूली मैलुङ स्याफ्रुवेंशी रसुवागढी सडक आयोजना , | .सदस्य |
| ३. श्री अर्जुन बहादुर श्रेष्ठशिक्षा विकास तथा समन्वय इकाई ,प्रमुख , | -सदस्य |
| ४. श्री मधुसुदन थापानुवाकोट शाखा नेपाल रेडक्रस सोसाइटी , | सदस्य- |
| ५. श्री मीन कुमार के सीगैर सरकारी महासंघ नुवाकोट , | .सदस्य |
| ६. श्री कपिलदेव खनाल पत्रकार ,अध्यक्ष ,महासंघ नुवाकोट | .सदस्य |
| ७. श्री ताराबहादुर कार्कीउद्योग वाणिज्य संघ नुवाकोट ,अध्यक्ष , | .सदस्य |

श्री रवि [illegible] शर्मा - दु.वि.अ. वेलकोटगढी न.पा.
ई. सिवराम [illegible] - [illegible] त्रिशुली मैलुङ स्या. र. सडक योजना
श्री मिन कु. श्रेष्ठ [illegible] लिखु गा.पा.
श्री रामहरि पाण्डे [illegible]

प्रस्तावहरू:

१. समीक्षा
२. CPGपरिचालन तथा प्रभावकारी अनुगमन गर्ने
३. निर्णय कार्यान्वयन गर्ने
४. आइसोलेशन सेन्टरहरूको पुनः सञ्चालन गर्ने
५. वैयक्तिक विवरणको अभिलेख राख्ने
६. एम्बुलेन्सको सहज उपलब्धताका लागि सहजीकरण गर्ने
७. पूर्व तयारी गर्ने
८. जनचेतना अभिवृद्धी गर्ने।
९. प्रहरी युनिट रहेको घरको भाडा सम्बन्धमा।
१०. विविध

निर्णयहरू

१. समीक्षा:

नुवाकोट जिल्लामा कोभिड-१९ सम्बन्धी अवस्था तथा गतिविधिहरू देहायबमोजिम रहेको समीक्षा गरियो।

- हालसम्म नुवाकोट जिल्लामा त्रिशूली अस्पताल, सबै स्थानीय तहमा जोखिमयुक्त व्यक्ति समूहहरू तथा क्वारेन्टिनमा बसेका व्यक्तिहरू समेत गरी १०१७१ जनाको पीसीआर परीक्षण गरिएको । यसमध्ये १२७७ जना कोभिड संक्रमित भएको र ११७० जना निको भएको । २ जनाको मृत्यु भएको ।
- २०७७।११।१६ देखि २०७७।१२।२३ सम्म संक्रमण शून्य अवस्थामा रहेको ।
- मिति २०७७।१२।२४ देखि दोस्रो लहर शुरु भएयता ५८२ वटा पीसीआर परीक्षण भएकोमा १३२ जना कोभिड संक्रमित व्यक्ति भेटिएको। २०७८।०१।१३ गते त्रिशूली अस्पतालको आइसीयुमा उपचाररत कोभिड संक्रमित १ जना व्यक्तिको निधन भएको । हाल १०५ जना सक्रीय संक्रमित व्यक्ति मध्ये ९ जना त्रिशूली अस्पतालमा उपचाररत । जस मध्ये ३ जना ICU मा उपचाररत रहेका।
- त्रिशूली कोभिड अस्पतालमा कोभिड १९ को लक्षण भएका बिरामीहरूको लागि २१ बेडको उपचार वार्ड रहेको । ६ bed ICU तथा ३ bed HDU सञ्चालनमा रहेको । Fever Clinic सञ्चालन गरिएको ।
- खरानीटार अस्पतालमा २० बेडको आइसोलेसन वार्ड सहित १० वटा स्थानीय तहमा ७१ वटा बेड सहित आइसोलेसन सेन्टर तयारी अवस्थामा रहेको रहेको । त्रिशूली अस्पतालमा ८२ वटा सहित ९ वटा स्थानीय तहमा जम्मा १०९ वटा अक्सिजन सिलिन्डर रहेको ।
- पीसीआर ल्याव नियमित रूपमा सञ्चालन भइरहेको । रसुवा तथा धादिङ्गका सेवाग्राहीहरूको समेत यस ल्यावबाट परीक्षण भइरहेको । हाल करिव ४००० परीक्षणको लागि किट तथा रिएजेन्ट मौज्दात रहेको । प्रोटोकल बाहेक, स्वेच्छिक तथा संस्थागत प्रयोजनका लागि पीसीआर परीक्षण गर्नेको माग बढिरहेको ।
- स्वास्थ्य कार्यालयबाट अधिकांस स्थानीय तहका ल्याव कर्मचारीलाई एन्टिजेन परीक्षणको तालीम प्रदान गरी एन्टिजन किट उपलब्ध गराइएको । हाल स्वास्थ्य कार्यालयबाट सबै स्थानीय तहलाई ६०५ वटा एन्टिजन किट उपलब्ध गराइएको र स्थानीय तहबाट परीक्षण भइरहेको । ६ वटा स्थानीय तहमा ९६० वटा भीटीएम रहेको।
- त्रिशूली अस्पतालमा मापदण्ड तथा सेवाग्राहीको संख्या अनुसार प्राविधिक जनशक्ति अभाव रहेको, अक्सिजन प्लान्टबाट अस्पतालको लागि उत्पादन तथा प्रयोग भइरहेको । कम्प्रेसरको जडान कार्य पश्चात अन्य जिल्लालाई समेत सिलिन्डरमा भरी नियमानुसार उपलब्ध गराइने त्रिशूली अस्पतालको योजना रहेको ।

- अस्पतालमा आवश्यक थप जनशक्तिको लागि विज्ञापन गरिएको ।
- कोरोना रोकथाम समूह आंशिक रूपमा कृयाशील रहेको । पूर्ण कृयाशील बनाउनु पर्ने ।
- भीडभाड नगर्ने, मास्क तथा स्यानिटाइजरको प्रयोग लगायत भेला नहुने लगायतका जनस्वास्थ्यको मापदण्डको आंशिक रूपमा मात्र पालना भएको ।
- सञ्चार माध्यमबाट सन्देशमूलक समग्रीहरू प्रचार प्रसार भइरहेको ।
- कोभिड-१९ संक्रमणको सम्भावनालाई मध्यनजर गरी पहिले सञ्चालनमा आएका क्वारेन्टिन, आइसोलेशन केन्द्रलाई तयारी अवस्थामा राखी स्वास्थ्य केन्द्रबाट प्रदान गरिने सेवालाई अझ प्रभावकारी बनाउन, रोगको निगरानीलाई चुस्त बनाउन, **Case Investigation / Contact Tracing** लाई बढावा दिन, सबै अस्पताल र स्वास्थ्य संस्थाहरू महामारी व्यवस्थापनका लागि तयारी अवस्थामा रहन, प्रत्येक स्थानीय तहमा संक्रमणको उच्च जोखिम क्षेत्र पहिचान गरी समुदायस्तरमा कोभिड-१९ को **Antigen** परीक्षण प्रकृया सम्बन्धी प्रोटोकल बमोजिम हुने व्यवस्था स्वास्थ्य कार्यालय, नुवाकोटबाट सम्बध्द पक्षहरूसँग समन्वयात्मक रूपमा सहजीकरण भइरहेको ।

कोभिड १९ खोप

पहिलो चरणमा (त्रिशूली अस्पताल तथा खरानीटार अस्पताल) पहिलो मात्रा कोभिशिल्ड खोप लिएका व्यक्ति संख्याः ३८८६
दोस्रो चरणमा समुदायमा पहिलो मात्रा कोभिशिल्ड खोप लिएका व्यक्ति । १८५७१
तेस्रो चरणमा पहिलो मात्रा भेरोसिल खोप लिएका व्यक्ति संख्याः २०३६ जना .
हाल सम्म जम्मा पहिलो मात्रा कोभिड १९ विरुध्द खोप लिएका संख्याः २४४९३ जना।
२०७८।०१।०७ देखि २०७७।०१।११ सम्म २९९७ जनाले दोस्रो मात्रा खोप लिएका ।

जोखिम अवस्थाः

पछिल्लो हप्तामा कोभिड संक्रमित व्यक्तिको संख्यामा क्रमशः बृध्दि भइरहेको। काठमाडौं उपत्यकामा बसेर संक्रमित भएका व्यक्ति त्रिशूली अस्पताल वा नुवाकोट आउने संख्या बढिरहेको ।नुवाकोटमा २०७७।१२।२४ बाट कोभिड १९ महामारीको दोस्रो लहर शुरु भए यता त्रिशूली अस्पताल स्थित ल्यावमा भएको परीक्षणबाट **Positivity Rate** निकै उच्च रहेको पाइएको । Positivity दर उच्च रहेको (२३.५%) ।हाल ८ वटा स्थानीय तहमा रहेका सक्रिय संक्रमित १०५ जना मध्ये विदुर नगरपालिकामा ७८ (७५ %) जना रहेकोले विदुर नगरपालिका सबैभन्दा उच्च जोखिममा रहेको छ। त्रिशूली अस्पतालका ५ जना चिकित्सक (जम्मा १८ मध्ये) सहित जम्मा ७ जना स्वास्थ्यकर्मी हाल सक्रिंय संक्रमित अवस्थामा रहेका । चिकित्सक, स्वास्थ्यकर्मी, शिक्षक, विध्यार्थी, मजदुर लगायत सार्वजनिक कार्यालयका कर्मचारीमा कोभिड १९ संक्रमण देखिएको । २०७८।०१।१४ र १५ गते काठमाडौं उपत्यकाबाट ठुलो संख्यामा सबै स्थानीय तहमा नागरिकहरु घर फर्किएको कारणले सबै स्थानीय तहमा समुदाय स्तरमा संक्रमण फैलिने संभावना रहेको।धादिङ्ग जिल्लाबाट आएको स्याम्पलमा समेत संक्रमण दर उच्च भेटिएको । रसुवा जिल्लामा समेत संक्रमण भेटिएको ।

कोभिड १९ महामारी नियन्त्रणका लागि कानूनी व्यवस्थाः

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७८ वैशाख ०६ गतेको बैठकले संक्रामक रोग ऐन २०२० अनुसार कोभिड १९ दोस्रो लहर रोकथाम तथा नियन्त्रणसम्बन्धी आदेश २०७८ अनुसार ३० वटा आदेशहरू जारी गरेको छ । २०० भन्दा बढी सक्रीय संक्रमित भएमा स्थानीय प्रशासनबाट निषेधाज्ञासहित अतिरिक्त अन्य नियन्त्रणका आदेश जारी गर्न सक्ने व्यवस्था भएको ।

२. कोभिड-१९ संक्रमण रोकथाम नियन्त्रण तथा उपचार समेतका कार्यहरूका लागि स्थानीय वडा एवं टोल समितिहरूको भूमिका प्रभावकारी हुने भएकोले यस अघि गठन भएको Dedicated Team तथा कोरोना रोकथाम समूह (CPG) मार्फत कोभिड-१९ बाट संक्रमित भई नेपाल सरकारको स्वीकृत मापदण्डबमोजिम होम आइसोलेसनमा बसेका व्यक्तिहरूलाई स्वास्थ्य परामर्श उपलब्ध गराउने, स्वास्थ्य अवस्थाको निगरानी गर्ने, थप उपचार आवश्यक पर्ने भएमा अस्पताल लैजाने र स्वास्थ्य मापदण्डको पालना गराउने। यस कार्यमा विपद तथा स्वास्थ्य क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी, निजी सबै निकाय तथा संघसंस्थाहरू समेत एकीकृत रूपमा परिचालित हुने र सो कार्यको स्थानीय तह तथा जिल्ला प्रहरी कार्यालय मार्फत प्रभावकारी रूपमा अनुगमन गर्ने।

३. कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि मिति २०७८/०१/१३ को नेपाल सरकार मन्त्रिपरिषद बैठकको निर्णय कार्यान्वयनका लागि प्राप्त गृह मन्त्रालयको च.नं.३११३ मिति २०७८/०१/१४ को परिपत्रानुसार देहाय बमोजिम गर्ने/गराउनेः

- हवाई मार्ग तथा भारतबाट स्थलमार्ग भई नेपाल प्रवेश गर्ने नेपाली नागरिक अनिवार्य होटल वा होम क्वारेन्टिनमा बस्नुपर्ने व्यवस्था सम्बन्धित स्थानीय तहले मिलाई सोको प्रभावकारी अनुगमन गर्ने। यसरी गरिएको अनुगमनको प्रतिवेदन DCCMC लाई उपलब्ध गराउने।
- देशभरका विद्यालय तथा शिक्षालयमा भौतिक उपस्थिति नभई भर्चुअल र वैकल्पिक माध्यमबाट मात्र पठन-पाठन जारी राख्ने। भौतिक उपस्थितिमा हुने भनिएका पूर्व निर्धारित सबै प्रकारका परीक्षाहरू अर्को आदेश नभएसम्मका लागि स्थगित गर्ने।
- बजारमा खाद्य पदार्थ, औषधि तथा अन्य अत्यावश्यक सामग्रीको कृत्रिम अभाव सिर्जना हुन नदिन सम्बद्ध निकायको सहयोगमा नियमित बजार अनुगमन गर्ने।

४. गृह मन्त्रालयको च.नं.३१०९ मिति २०७८/०१/१४ को परिपत्रानुसार देहाय बमोजिम गर्ने/गराउनेः

- स्वास्थ्य कार्यालयले संक्रमितको सम्पर्कमा रहेका व्यक्तिहरूको शीघ्र पहिचान गर्न कन्टयाक्ट ट्रेसिङ तथा पी.सी.आर परीक्षणको कार्यलाई सरल, छिटो र व्यापक बनाउने।
- जिल्लामा कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारमा संलग्न विभिन्न निकायहरूबीच प्रभावकारी रूपमा समन्वय कायम गर्ने।

५. कोभिड-१९को नयाँ भेरियन्टको जोखिम न्यूनीकरण तथा रोकथामका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बागमती प्रदेशको च.नं शा.सु.स.म./४/३/१६५३ मिति २०७८/०१/१३ को परिपत्र बमोजिम प्राप्त बागमती प्रदेश कोरोना संकट व्यवस्थापन केन्द्रको मिति २०७८/०१/१२ को निर्णय कार्यान्वयन गर्ने।

६. हालैका दिनमा कोभिड-१९ को नयाँ भेरियन्टको महामारी बढ्दै गएकोले आइसोलेशन सेन्टरहरू अभाव हुन सक्ने अवस्थातर्फ सचेत हुँदै गृह मन्त्रालयको च.नं.३०९१मिति २०७८/०१/११ को परिपत्रानुसार यस जिल्लामा विगतमा सञ्चालनमा आएका आइसोलेशन सेन्टरहरू पुनः सञ्चालनको लागि सबै स्थानीय तहले व्यवस्था मिलाउने।

७. जिल्लामा कोभिड-१९ संक्रमणको जोखिम रोकथाम तथा न्यूनीकरणका लागि जिल्ला भित्रिने मुख्य नाकाहरू (गुर्जे भञ्याङ, शिवपुरी गा.पा., ककनी नाका, ककनी गा.पा. र कोल्पुटार, बेलकोटगढी न.पा.) मा स्वास्थ्य डेस्कको स्थापना गरी जिल्ला भित्रिनेहरूको कोभिड-१९ प्रोटोकल बमोजिम स्वास्थ्य परीक्षण (ज्वरो लगायत) गर्ने तथा यात्रुहरूको वैयक्तिक विवरणको अभिलेख राख्ने। सो कार्यका लागि सम्बन्धित स्थानीय तहले साधन, स्रोत र जनशक्तिको व्यवस्थापन गर्ने र जिल्ला प्रहरी कार्यालय नुवाकोटले आवश्यक सुरक्षा समन्वय गर्ने।

८. स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र को च.नं. १५५० मिति २०७८/०१/१६ को परिपत्रानुसार कोभिड-१९ को संक्रमण बढ्दै गएको वर्तमान सन्दर्भमा जुनसुकै निकायहरूबाट सञ्चालित एम्बुलेन्सहरू जिल्लाभित्र एकीकृत रूपमा

परिचालन गरी सेवाग्राहीहरूलाई सहज हुने गरी ठाँउ अनुसार १०२ नम्बर वा प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र मार्फत सेवा प्रदान गर्ने व्यवस्थाका लागि स्वास्थ्य कार्यालय नुवाकोटले समन्वय गर्ने।

९. जिल्लास्थित सबै सुरक्षा निकायहरू, स्थानीय तह, सबै सार्वजनिक सेवा प्रदायक कार्यालयहरू, नेपाल रेडक्रस सोसाइटी, NGOs लगायतका निकायहरूले समन्वय गरी कोभिड-१९ महामारीको समयमा हुनसक्ने संभावित जोखिम न्यूनीकरणका लागि आफूसँग भएको स्रोत, साधन तथा जनशक्ति तत्काल परिचालन हुनसक्ने गरी तयारी अवस्थामा राख्ने।

१०. कोभिड-१९को संक्रमण रोकथामका लागि अपनाइनुपर्ने विशेष स्वास्थ्य सतर्कता सम्बन्धी कार्यहरु सम्बन्धी सचेतनामूलक प्रचार प्रसार सामग्री स्वास्थ्य कार्यालयले तयार गरी स्थानीय संचार माध्यमहरु मार्फत प्रचार प्रसारको व्यवस्था मिलाउने। सम्पूर्ण स्थानीय तहहरूले समेत स्थानीय भाषामा सोही प्रकारको सामग्री तयार गरी आ-आफ्नो क्षेत्रमा उपयुक्त माध्यमद्वारा प्रचार प्रसार गरी जनचेतना अभिबृद्धि गर्ने। यस कार्यमा जिल्लास्थित मानवीय सहयोगका काममा कार्यरत गै.स.स.हरुले समेत आवश्यक सहयोग उपलव्ध गराउने ।

११. कोभिड-१९ सँग सम्बन्धित मिति २०७८/०१/०८ को DCCMC बैठकको निर्णय (नेपाल सरकारको मिति २०७८/०१/०६ निर्णय बमोजिम) एवं स्वास्थ्य तथा सुरक्षाका मापदण्ड लगायत अन्य व्यवस्थाहरू पालना भए/नभएको सम्बन्धमा अनुगमन गर्दा सो निर्णय र स्वास्थ्य तथा सुरक्षाका मापदण्डको उल्लघंन भएको पाइएमा सम्बन्धित व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम कारवाही गर्ने।

१२. नुवाकोट जिल्ला भित्रिने एक मुख्य नाका बेलकोटगढीको कोल्पुटारमा कोभिड-१९ को जोखिम रोकथाम तथा न्यूनीकरणका लागि खटाइएको प्रहरी युनिटको बसोबासका लागि भाडामा लिइएको घरको मासिक भाडा बापतको रकम बेलकोटगढी नगरपालिकाले भुक्तानी गर्दै आएकोमा बेलकोटगढी नगरपालिकाले सो कार्यलाई निरन्तरता दिने।

१३. कोभिड-१९ महामारीको जोखिम न्यूनीकरण तथा रोकथामका लागि स्थानीय तहले थप प्राथमिकताका साथ देहायका काम गर्नुपर्नेः

- आइसोलेसन केन्द्र नभएका स्थानीय तहमा तत्कालै सो को व्यवस्था गर्नु पर्ने । आइसोलेसन केन्द्र भएका स्थानमा थप वेडको समेत व्यवस्थापन गर्नु पर्ने ।
- स्थानीय तहको संकट व्यवस्थापन केन्द्रको नियमित बैठक वसी स्थानिय तहको जोखिम अवस्था मूल्यांकन गरी जनस्वास्थ्य मापदण्डको पालना समुदायमा अन्य जिल्ला वा जोखिमयुक्त क्षेत्रबाट आएका व्यक्तिलाई क्वारेन्टिनमा बस्न लगाउने तथा निगरानी गर्ने ।
- अक्सिजन सिलिन्डरको पर्याप्त जोहो गर्ने तथा एन्टिजन किटहरु तथा भीटीएमको न्यूनतम मौज्दात व्यवस्था गर्नुपर्ने।
- जनस्वास्थ्य मापदण्डको पालना, क्वारेन्टिन र आइसोलेसनको व्यवस्थापनलाई सबै पक्षले पहिलो प्राथमिकतामा राखी सहयोग गर्नु पर्ने ।

१४. सामाजिक विकास मन्त्रालय, बागमति प्रदेशको च.नं. २४१७ मिति २०७८/०१/१६ गतेको पत्रानुसार सामुदायिक, गैरसरकारी, तथा निजी अस्पतालमा कोभिड-१९ केयर युनिट सञ्चालन सम्बन्धमा स्वास्थ्य कार्यालय नुवाकोटले आवश्यक समन्वय गरी जिल्लाको अवस्था तथा आवश्यकता अनुसार प्रक्रिया अगाडि बढाउने।

१५. जिल्ला कोभिड १९ संकट व्यवस्थापन केन्द्रमार्फत जिल्लामा कोभिड १९ को कारणले आकस्मिक उपचार तथा उद्धार गर्नुपर्दा आवश्यक पर्ने बजेट तथा सञ्चालन खर्च बागमती प्रदेश सामाजिक विकास मन्त्रालयसँग माग गर्ने।